नेपाल नागरिक उड्डयन प्राधिकरण

# विमानस्थल विकास शुल्क (ADF) असुल तथा खर्च गर्ने सम्वन्धी निर्देशिका, २०७३

## नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाण्डौं ।

स्वीकृति मिति : २०७३।४।२

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# विमानस्थल विकास शुल्क (ADF) असुल तथा खर्च गर्ने सम्वन्धी निर्देशिका २०७३

**प्रस्तावना :**

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले निर्दिष्ट गरेको मार्गदर्शन एवं नेपाल नागरिक उडड्यन प्राधिकरण विमानस्थल सेवा शुल्क (संशोधन सहित) नियमावली, २०६७ मा भएको व्यवस्था अनुरुप विमानस्थल विकास शुल्क (ADF) असुल तथा खर्च गर्ने सम्वन्धी विषय कार्यान्वयन गर्न गराउन आवश्यक भएकोले सोही नियमावलीको नियम २३ (क) को उपनियम १८ मा रहेको प्रावधान एवं नियम ७७ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उडड्यन प्राधिकरणले यो निर्देशिका वनाई लागु गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "विमानस्थल विकास शुल्क (ADF) असुल तथा खर्च गर्ने सम्वन्धी निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका प्राधिकरण सञ्चालक समितिवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

(३) यो निर्देशिका विमानस्थल विकास शुल्क असुल एवं खर्च गर्ने कार्यसंग सम्वन्धित व्यक्ति तथा संस्थाको हकमा लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "नियमावली" भन्नाले नेपाल नागरिक उडड्यन प्राधिकरण विमानस्थल सेवा शुल्क (संशोधन सहित) नियमावली, २०६७ सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण, संचालक समिति सम्झनु पर्दछ ।

(घ) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सम्झनु पर्दछ ।

(च) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सम्झनु पर्दछ ।

(छ) "महाप्रबन्धक" भन्नाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका महाप्रबन्धक सम्झनु पर्दछ ।

(ज) "वायुयान" भन्नाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भर्ने वायुयानलाई सम्झनु पर्दछ । यस शब्दले चार्टर उडान समेतलाई जनाउँछ ।

(झ) "अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्था" भन्नाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भर्ने वायुयान संचालन गर्ने सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "विमानस्थल विकास शुल्क" भन्नाले दुई वर्षको उमेर पूरा नभएको हवाई यात्रु बाहेक अन्तर्राष्ट्रिय उडान गर्ने अन्य सबै हवाई यात्रुले हवाई टिकट खरिद गर्दाकै बखत अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थालाई बुझाउनु पर्ने विमानस्थल विकास शुल्क (ADF) सम्झनु पर्दछ ।

(ट) "पाँच वर्षे कार्ययोजना" भन्नाले विमानस्थल विकास शुल्कबाट उठेको रकमको उपयोग गर्ने सम्वन्धमा प्राधिकरणद्वारा स्वीकृत कार्य योजनालाई सम्झनु पर्दछ ।

(ठ) "संस्था" भन्नाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भर्ने वायुयान संचालन संस्थालाई सम्झनु पर्दछ । यस शब्दले अन्तर्राष्ट्रिय चार्टर उडान भर्ने संस्थालाई समेत बुझाँउछ ।

## परिच्छेद-२

### अन्तर्राष्ट्रिय उडान गर्ने यात्रुसंग विमानस्थल विकास शुल्क असुल उपर तथा खर्च गर्ने सम्बन्धी व्यवस्था

**३. अन्तर्राष्ट्रिय उडान गर्ने यात्रुसंग विमानस्थल विकास शुल्क लगाउने र असुल उपर गर्ने :**

(१) प्राधिकरणको ऋणको सावाँव्याज भुक्तानी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वाधार विकासको लागि प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने प्रत्येक हवाई यात्रुसँग नियमावलीको अनुसूची- २० (क) मा तोकिए बमोजिम मू.अ.कर समेत रु. १,०००।- को दरमा विमानस्थल विकास शुल्क लगाउने र असुल उपर गर्नेछ ।

(२) हवाई यात्रुले उपदफा (१) बमोजिमको शुल्क हवाई टिकट खरिद गर्दाकै बखत अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क र बिलम्व शुल्कमा कुनै किसिमको छुट वा मिन्हा हुने छैन ।

(४) उपदफा (२) बमोजिम हवाई यात्रुले बुझाएको विमानस्थल विकास शुल्क बापत प्राप्त रकमको विवरण र त्यस्तो रकम बुझाउने प्रत्येक यात्रुको विवरण सो वायुयान उड्नु अगावै सम्बद्ध अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय वा प्राधिकरणले तोकिदिएको अन्य कार्यालयमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बद्ध संस्थाबाट प्राप्त विवरणका आधारमा कार्यालयले ग्रिगोरियन क्यालेण्डर बमोजिम हरेक महिनाको पाँच तारेखभित्र सम्बद्ध अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थाले यात्रुहरुवाट संकलन गरेको शुल्क बापतको रकम बुझाउन बिल बनाई पठाउनेछ र सो को जानकारी नेपाल नागरिक उडड्यन प्राधिकरण, प्रधान कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बिल प्राप्त भएको मितिले एक्काईस दिनभित्र सम्वन्धित अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थाले बिल वमोजिमको रकम कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको म्यादभित्र रकम नबुझाउने संस्थाले प्रत्येक दिनको लागि बिल रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशतको दरले बिलम्व शुल्क बुझाउनु पर्नेछ ।

(८) संस्थाले विमानस्थल विकास शुल्क वापतको रकम नेपाली रुपैयाँमा बुझाउनु पर्नेछ ।

(९) अन्तर्राष्ट्रिय चार्टर उडान सञ्चालन गर्ने संस्था वा व्यक्तिले त्यस्तो उडान गर्नु अगावै कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा विमानस्थल विकास शुल्क बुझाउनु पर्नेछ ।

(१०) संस्थाले यात्रुबाट प्राप्त गरेको विमानस्थल विकास शुल्कको लेखा छुट्टै राखी अद्यावधिक राख्नु पर्नेछ र सोको विवरण प्रत्येक महिना भुक्तान भएको मितिले ७ दिन भित्र कार्यालय वा प्राधिकरणले तोकेको अन्य कार्यालयमा बुझाउनु पर्नेछ ।

(११) विमानस्थल विकास शुल्क वापत उठेको मूल्य अभिवृद्धि कर बाहेकको रकम प्राधिकरण, प्रधान कार्यालयको नाममा बेग्लै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(१२) कुनै कारणले विमानस्थल विकास शुल्क वापत उठेको रकम तोकिएको समयमा खर्च हुन नसकेको अवस्थामा एक अर्बभन्दा बढी रकम एउटै बैंकमा मौज्दात नरहने गरी "क" बर्गका बाणिज्य बैंकहरुका वीच प्रतिष्पर्धा गराई अधिकतम व्याज कवोल गर्ने "क" बर्गको बाणिज्य बैंकमा रकम जम्मा गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

४. **विमानस्थल विकास शुल्कको उपयोग/खर्च गर्ने सम्वन्धी व्यवस्था:**

(१) विमानस्थल विकास शुल्कबाट उठेको रकमबाट प्राधिकरणको ऋणको साँवाव्याज भुक्तानी तथा कार्यालयको पूर्वाधार विकास (विमानस्थलको आधुनिकिरण तथा स्तरोन्नतीसंग सम्वन्धित कार्य) का लागि खर्च लेख्ने अख्तियारी महानिर्देशकलाई र महानिर्देशकबाट अख्तियारी प्राप्त महाप्रबन्धकलाई हुनेछ ।

(२) विमानस्थल विकास शुल्क स्वीकृत पाँच वर्षे कार्ययोजना र समय समयमा स्वीकृत अन्य कार्य योजना बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको खर्च छुट्टै शिर्षक कायम गरी बार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रही गर्नु पर्नेछ ।

(४) कार्ययोजना बनाउँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश प्रस्थान गर्ने यात्रु संख्याको यथार्थ विवरण तथा प्रक्षेपणमा आधारित रकम (जम्मा तथा खर्च) को विस्तृत विवरण समावेश गरिनेछ ।

(५) उपदफा (२) को व्यवस्था बमोजिम कार्ययोजना बनाउँदा यस अघि दातृ निकायको अनुदान सहयोगमा संचालनमा रहेका, BOOT प्रणालीमा रहेका कार्यक्रमहरुको अतिरिक्त नयाँ राडार प्रणाली, मल्टिस्टोरी कार पार्किङ्ग जस्ता कार्य र प्राधिकरणको नियमित बजेटबाट सम्पन्न हुँदै आएका तथा गर्न सकिने नियमित प्रकृतिका कार्यहरु समावेश गरिने छैन ।

(६) विमानस्थल विकास शुल्कबाट उठेको रकम कर्मचारीको सुविधा (तलव भत्ता, बोनस आदि) र प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(७) कार्यालयले यस्तो रकमको वित्तिय विवरण (Financial Statements) मा अनिवार्य लेखाङ्कन गर्ने तथा सो को नियमित लेखापरीक्षण (आन्तरिक तथा अन्तिम) गराउनु पर्ने छ ।

(८) यस्तो रकम (जम्मा तथा खर्च) को मासिक फेहरिस्त मन्त्रालय र प्राधिकरण प्रधान कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(९) उपदफा (२) बमोजिमको कार्ययोजना आवश्यकतानुसार समितिले २/२ बर्षमा अद्यावधिक गर्न सक्नेछ । उक्त पाँच बर्षे कार्य योजना परिमार्जन भएमा सो को व्यहोरा मन्त्रालयमा पठाउनु पर्ने छ ।

## परिच्छेद-३

## अन्य व्यवस्था

५. **धरौटी र फुकुवा :**

(१) कार्यालयले अन्तराष्ट्रिय उडानका वायुसेवा सञ्चालन गर्ने संस्थाबाट त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको विमानस्थल विकास शुल्क अग्रिम धरौटीको रुपमा माग गर्न समेत सक्नेछ ।

(२) उपदफा १ मा व्यवस्था भए अनुसार राखेको धरौटी रकम कुनै कारणबाट उडान तालिका एवं वायुयान संस्था खारेज एवं बन्द भएमा प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम कट्टा गरी सम्बन्धित अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थालाई फुकुवा गर्नु पर्ने छ ।

६. **शर्त पुरा नगरेमा कारवाही गरिने :**

वायुयान संस्थाले यस निर्देशिकामा उल्लेखित शर्तहरु पुरा नगरेमा वा प्राधिकरणलाई बुझाउनु पर्ने रकम निर्धारित समय भित्र नबुझाएमा कार्यालयले प्रचलित कानून बमोजिम कारवाही गर्न प्राधिकरण, प्रधान कार्यालयमा कारवाहीका लागि लेखि पठाउन सक्नेछ ।

७. **निर्देशन दिने महानिर्देशकको अधिकार :**

यस निर्देशिका बमोजिम कार्य गर्ने गराउने सम्वन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवा सञ्चालन संस्थालाई समय समयमा आवश्यक निर्देशन दिन सक्ने अधिकार प्राधिकरणको महानिर्देशकलाई रहने छ । महानिर्देशकको निर्देशन पालन गर्नु सम्बद्ध निकायको कर्तव्य हुनेछ ।

८. **अनुगमन**

(१) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरण प्रधान कार्यालयले दफा ४ को उपदफा (२) बमोजिमको स्वीकृत पाँच वर्षे कार्ययोजना एवं उपदफा (३) बमोजिमको वार्षिक बजेटमा समावेश गरिएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि समय समयमा अनुगमन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको एक विमानस्थल विकास शुल्क उपयोग अनुगमन समिति रहनेछ ।

(क) प्राधिकरणको कर्पोरेट निर्देशनालयका उपमहानिर्देशक - संयोजक

(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ग) त्रि.अ.वि. नागरिक उड्डयन कार्यालय, राजश्व शाखाका प्रमुख - सदस्य-सचिव

(३) उपनियम (२) बमोजिम गठन भएको अनुगमन समितिले प्रत्येक तीन महिनामा आफ्नो प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरण प्रधान कार्यालयमा बुझाउने छ ।

९. **निर्देशिकाको व्याख्या :**

(१) यस निर्देशिकाको व्याख्या गर्ने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम महानिर्देशकले गरेको व्याख्या चित्त नबुझेमा समिति समक्ष सरोकारवालाले सात दिन भित्र निवेदन दिएमा समितिले छानविन गरी व्याख्या सहित निर्देशन दिन सक्नेछ । समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

१०. **मार्गदर्शनको रुपमा लिनु पर्ने** : यस निर्देशिकाको व्याख्या गर्दा प्राधिकरणको ऐन, नियमावली तथा निर्देशिकामा स्पष्ट व्यवस्था भएका विषयमा सोही बमोजिम हुनेछ र व्यवस्था नभएको वा स्पष्ट नभएको विषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली एवं नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा "विमानस्थल विकास शुल्क उठाउने सहमति सम्वन्धमा" मिति २०७०।१२।१८ मा नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाईएको पत्रमा उल्लेखित व्यवस्थालाई मार्गदर्शनको रुपमा लिइने छ ।

११. **बचाउ :**

यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि प्राधिकरणबाट भए गरेका विमानस्थल विकास शुल्क असुल तथा खर्च सम्वन्धी कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ । ऐन तथा नियमावलीसंग यस निर्देशिकाको कुनै दफा बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।